घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशीत

सुखड, कैलाली ७ नं. प्रदेश, नेपाल

| भाग २ | वर्ष १ | अंक १५ | २०७४ चैत्र ३० गते, शुक्रबार |
|---|---|---|---|

घोडाघोडी नगर सभाबाट मिति २०७४।१२।२५ मा स्वीकृत भएको घोडाघोडी नगर कार्यपालिका कार्यसम्पादन पहिलो संशोधन नियमावली, २०७४ सार्वजनीक जानकारीका लागी प्रकाशन गरिएको छ। घोडाघोडी नगरकार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ लाई संसोधन गर्न वाञ्छनिय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (१) बमोजिम स्वीकृत कार्य सम्पादन नियमावली संसोधन यस प्रकार रहेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम " घोडाघोडी नगर कार्यपालिका कार्यसम्पादन (पहिलो संशोधन) नियमावली, २०७४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. नगरकार्यसम्पादन नियमावली, २०७४ को नियम ४.४ मा थप घोडाघोडी नगरकार्यपालिकाको कार्य सम्पादन नियमावली २०७४ यसपछि मूल नियमावलीको नियम ४.४ मा ४.४.(२) पछि देहायको खण्ड ४.४.(३) थप गरिएको छ।

४.४.(३) नगरपालिकाको वडा कार्यालयबाट हुने नागरीकताको अनुसूची प्रमाणीत र सिफारिस कार्य सम्बन्धित वडाका वडा अध्यक्ष अनुपस्थितभएको अवस्थामा सो अनुसूची फारममा नजिकको पायक पर्ने अर्को वडाको वडा अध्यक्षबाट अनुसूची फारम प्रमाणितको काम गर्न सकिनेछ।

३. नगरकार्यपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४ मा प्रयोग भएका कार्यकारी अधिकृत शब्दको सट्टा प्रमुख प्रशासकीय अधिकृतमा रुपान्तर गरिएको छ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र